# 'अतिकम विकसित मुलुकका लागि कोष आवश्यक'

कारोबार संवाददाता

काठमाडौं, ६ पुस

दक्षिण एसियाका अतिकम विकसित मुलुक (एलडीसी)मा ऊर्जा, प्रविधि, व्यापारसम्बन्धी संस्था तथा पूर्वाधार विकास गरी एक-अर्कासँग जोड्न अल्पविकसित मुलुक आबद्धता कोष (एलआईएफ) को अवधारणा अगाडि सारिएको छ। अतिकम विकसित मुलुक यस क्षेत्रको अर्थतन्त्रबाट सीमान्तकृत हुने प्रक्रियामा रहेको निष्कर्ष निकाल्दै विज्ञहरूले एलआईएफको अवधारणा अघि सारेका हुन्।

सन् २०११ देखी २०२० को दशकका आर्थिक, जलवायु परिवर्तन र खाद्यान्न सुरक्षालगायतका क्षेत्रीय मुद्दामा छलफल गर्न अघिल्लो साता काठमाडौंमा विज्ञहरूको भेला भएको थियो। भेलामा सहभागी साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (सावती) सम्बद्ध व्यापार विज्ञ रत्नाकार अधिकारीले यस्तो अवधारणा पेस गरेका हुन्।

जसमा एलआईएफमा ५० प्रतिशत सदस्य राष्ट्रबाट, २५ प्रतिशत दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का पर्यवेक्षक मुलुक र बाँकी २५ प्रतिशत बहुपक्षीय तथा द्विपक्षीय दातृ निकायको योगदान हुने नमुना तयार पारिएको छ।

सार्कमा आबद्धमध्ये नेपाल, अफगानिस्तान, भुटान, माल्दिभ्स र बंगलादेशलगायतका मुलुक एलडीसीमा पर्छन् भने भारत, पाकिस्तान र श्रीलंकाका मुलुक विकासशील मुलुक हुन्। अमेरिका, जापान, चीन, इरान, अस्ट्रेलिया तथा युरोपेली मुलुकहरू सार्कको पर्यवेक्षक छन्।

व्यापार विज्ञ अधिकारीले अगाडि सारेको अवधारणामा अन्य मुलुकका विज्ञले अनौपचारिक धारणा व्यक्त गरे पनि सार्कका सदस्य राष्ट्रको आधिकारिक धारणा आएको छैन। तेस्रो दक्षिण एसियाली आर्थिक सम्मेलनमा भाग लिन आएका भारतीय विज्ञहरूको धारणा भने त्यति सकारात्मक छैन।

एलडीसी कोषमा भारतले केका लागि योगदान गर्ने भन्ने प्रश्न भारतीय विज्ञले उठाएका थिए। अधिकारीले अगाडि सारेको नमुनाअनुसार कोष खडा गर्ने हो भने सबैभन्दा बढी हिस्सा भारतको हुन जान्छ।

**एलडीसी कोषमा भारतले केका लागि योगदान गर्ने भन्ने प्रश्न भारतीय विज्ञले उठाएका थिए। अधिकारीले अगाडि सारेको नमुनाअनुसार कोष खडा गर्ने हो भने सबैभन्दा बढी हिस्सा भारतको हुन जान्छ।**

भारतको कुल अन्तर्राष्ट्रिय व्यापारको २ प्रतिशत हिस्सा यस क्षेत्रका मुलुकसँग छ। दक्षिण एसियाका एलडीसीको क्षेत्रीय व्यापारको ९२ प्रतिशत निर्यात व्यापार भारत र पाकिस्तानमाथि निर्भर छ। नेपालको कुल क्षेत्रीय निर्यात व्यापारको ९२ प्रतिशत भारत र पाकिस्तानमा निर्भर रहेको व्यापार विज्ञ अधिकारीले बताएका छन्। भारत र पाकिस्तानमाथि सबैभन्दा कम निर्भर रहने मुलुक माल्दिभ्स हो। उसको क्षेत्रीय निर्यात व्यापारको जम्मा १० प्रतिशतमात्र यी मुलुकमा हुन्छ।

भारतको वाणिज्य विभागका सहसचिव स्तरका अधिकारी प्रा. राजन सुधेश रत्नाले नेपालको व्यापारको ठूलो हिस्सा भारतमा निर्भर हुनु दीर्घकालमा हानिकारक हुने बताएका छन्। "नेपालले आफ्नो बजार विविधीकरण गर्न जरुरी छ," उनले भने, "भारतसँगको निर्भरतालाई जतिसक्दो कम गर्नुपर्छ।"

नेपालको कुल व्यापारको झन्डै ६० प्रतिशतभन्दा बढी हिस्सा भारतसँग छ। दक्षिण एसियाका एलडीसीबीचको द्विपक्षीय व्यापार नगण्य छ। "यस क्षेत्रका एलडीसीबीच न्यून द्विपक्षीय व्यापार छ," व्यापार विज्ञ अधिकारीले भने, "सन् २००८ मा नेपालको कुल विश्व व्यापारको ६३ प्रतिशत हिस्सा क्षेत्रीय व्यापारमा रहेको छ।" त्यसमध्ये ९० प्रतिशतभन्दा बढी भारतसँग छ।

युरोपेली संघसँग त्यहाँका तुलनात्मक रूपमा गरिब मुलुकलाई सहयोग गर्ने 'युरोपेली क्षेत्रीय विकास कोष (ईआरडीएफ)' रहेको उदाहरण दिँदै अधिकारीले दक्षिण एसियाका एलडीसी विकसित भए त्यसको फाइदा क्षेत्रीय शक्तिकेन्द्रको रूपमा रहेको भारतलाई नै हुने तर्क अगाडि सारेका छन्। ईआरडीएफले खासगरी संघमा पछि प्रवेश गरेका ग्रिस, पोर्चुगल, स्पेन र आयरल्यान्डलगायतका मुलुकलाई सहयोग गरेको थियो। जुन सहयोगले ती मुलुकलाई संघमा आबद्ध हुन मद्दत गरेको थियो।